नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Kuala Lumpur, Malaysia.

## प्रेस विज्ञप्ति

प्रशान्त महासागर क्षेत्रमा अवस्थित टापुहरुको मुलुक फेडरेटेड् स्टेट्स् अफ माइक्रोनेसिया ( FSM)को **याप** राज्यमा पक्राउ परेका १६ जना नेपाली मध्ये थप ५ जनालाई आज मिति २०१६ अगष्ट २ को दिन यस राजदूतावासको पहलमा नेपाल उद्दार गरी पठाइएकोछ ।

उद्दारको क्रममा यस अघि यस राजदूतावासले अन्तराष्ट्रिय आप्रवासी संगठन (IOM) को सहयोगमा ७ जना नेपालीलाई २५ जुन २०१६ मा उद्दार गरी पठाइसकेकोछ ।

यस अघि यस राजदूतावासलाइ फेडरेटेड् स्टेट्स् अफ माइक्रोनेसियाका पदाधिकारीबाट जानकारी आएअनुसार १६ जना नेपालीहरुलाई विदेशी तथा नेपाली मानव तस्कर गिरोहले अमेरिका तथा अष्ट्रेलिया पठाइदिन्छु भनेर मोटो रकम असुली नेपालबाट मलेसिया र इन्डोनेसिया हुँदै डुंगामा उक्त देशको समुन्द्री क्षेत्रमा कागजात विहिन अवस्थामा छोडेका थिए जसको लगत्तै माइक्रोनेसियाका अध्यागमन अधिकारीहरुले पक्राउ गरि घर फिर्ति केन्द्रहरुमा राखेका थिए । तत्पश्चात् यस राजदूतावासलाई प्राप्त जानकारी अनुसार आवश्यक छानविन तथा प्रक्रिया पुरा गरी निजहरुलाई निशुल्क एक तर्फि यात्रा अनुमति पत्र जारी गरेको थियो ।

फेडरेटेड् स्टेट्स् अफ माइक्रोनेसिया ( FSM) का अधिकारीका अनुसार बाँकी रहेका ९ जना मध्य चार जनालाई संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोग (UNHCR) ले शरर्णार्थीको दर्जा दिएको छ । तसर्थ बाँकी रहेका ५ जनालाई यस राजदूतावासको अनुरोध बमोजिम फेडरेटेड् स्टेट्स् अफ माइक्रोनेसियाका अधिकारीले नेपाल उद्दार गरी पठाएकाछन् । उक्त पाँच जना नेपालीहरुको नाम यस प्रकार छ :

१. वसन कुमार थापा, गुल्मी
२. वाकसिंह घलान, चितवन
३. कमल बहादुर घलान, चितवन
४. कमल तामाङ, चितवन
५. पृथ्वी तामाङ, काभ्रे ।

नेपाली राजदूतावास
क्वालालम्पुर

नेपाली राजदूतावास, क्वालालम्पुर
मिति २ अगष्ट २०१६ (श्रावण १८, २०७३)